जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३ २०८२ साल साउन ३ गते शनिबार (19 July 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मिडियाका चुनौती सामना र... ३ पृष्ठमा : नेपाल पर्यटन बोर्डले ... ३ पृष्ठमा क़ाश्मीर हमलाका लागि ...

## अंशवण्डाका सर्वाधिक मुद्दा

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

सप्तरी जिल्लामा सवैभन्दा बढी अंशवण्डा सम्बन्धी मुद्दा अदालतमा दर्ता भएको पाइएको छ ।

आ.ब. २०८१/०८२ को वार्षिक लक्ष्य र कार्य प्रगति सम्बन्धमा संञ्चारकर्मीहरुसँग सप्तरी जिल्ला अदालतद्वारा शुक्रवार आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्य सार्वजनिक गरिएको हो ।

अदालतका श्रेस्तेदार कृष्ण प्रसाद अधिकारीद्वारा प्रस्तुत वार्षिक लक्ष्य र कार्य प्रगति विवरणमा आ.ब.२०८१/०८२ मा दर्ता भएका मध्ये सबभन्दा बढी अंशवण्डाका २ हजार २ सय ४६ मुद्दा थिए । जसमध्ये १ हजार ४ सय ८ मुद्धा फछ्र्यौट भएको छ ।

यस्तै एक वर्षको अवधीमा लेनदेनका ९ सय ८७, जग्गा खिचौलाका ९ सय ६९, सम्बन्ध विच्छेदका ३ सय २२, चेक अनादरका २ सय ५०, ज्यान मार्ने उधोग/कर्तव्य ज्यानका १ सय २७, जबरजस्ती करणीका १ सय १६, चोरी डाँकाका १ सय १०, घरेलु हिंशाका ९५, अनुचित लेनदेन, ठगी तथा अपराधीक विश्वासघातका ८२, लागु औषधका ६९ र बोक्सी आरोपमा ३७ लगायत अन्य गरी यस अवधीमा कुल ४ हजार ७ सय ८४ मुद्दा दर्ता भएको बताइएको छ ।

अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको ३ हजार ५ सय ५७ र यस वर्ष नयाँ दर्ता भएका ४ हजार ७ सय ८४ गरी कुल मुद्दाको लगत ८ हजार ३ सय ४१ पुगेकोमा त्यस मध्ये ४ हजार ६ सय ४५ अर्थात ५५ दशमलव ६८ प्रतिशत मुद्दा फछ्र्यौट गर्न सकेको अदालतका नायब सुब्बा ललन कर्णले जानकारी दिए ।

अदालतका तहसिलदार भोलानाथ धमलाका अनुसार यस अवधीमा न्यायधिश उदवीर नेपालीले सर्वाधिक ६ सय ४ मुद्दालाई किनारा लगाएका छन । यस्तै न्यायधिश मणीराम न्यौपानेले ५ सय ५२, न्यायधिश तिलक बहादुर कार्कीले ५ सय २८, न्यायधिश टंक बहादुर महतले ५ सय २०, न्यायधिश किशोर घिमिरेले ४ सय ८४, मुख्य न्यायधिश दिपक कुमार दाहालले ४ सय ६१, न्यायधिश मोहन बहादुर अधिकारीले ४ सय १३, न्यायधिश महेन्द्र बहादुर थापा क्षेत्रीले ३ सय ७२, न्यायधिश दिपक धितालले ३ सय ५८, न्यायधिश रोमनाथ अधिकारीले २ सय ९४ तथा सरुवा भई अन्यत्र गएका न्यायधिशहरुबाट ५९ गरी कुल ४ हजार ६ सय ४५ मुद्दा अदालतबाट फछ्र्यौट भएको उनले जानकारी दिए ।

अदालतका सुचना अधिकारी उमेश कुमार अर्यालका अनुसार यस अवधीमा मेलमिलाप केन्द्र तथा फाँटगत मिलापत्र प्रकृयाद्वारा १ हजार १ सय ८२ मुद्दा फछ्र्यौट गरिएको छ । यसै अवधिमा अपराध पीडीतलाई भराउनु पर्ने क्षतिपुर्ती रकम १ करोड ५८ लाख ७२ हजार ७ सय ७६ रुपैया मध्ये उक्त आ.ब..मा ८ लाख ६२ हजार ६ सय १८ रुपैया पीडक पक्षबाट क्षतिपुर्ती भराइएको अदालतका आईटी प्रमुख विनोद कुमार महतोले जानकारी दिए ।

मुख्य न्यायधिश दिपक कुमार दाहालले अदालतको जनशक्ती र श्रोत साधनका हिसाबले उक्त न्याय सम्पादन काम संतोषजनक भएको बताए ।

## उपचार र छोरा भेट्न हिँडेका कानुन व्यवसायी साहको दुर्घट्नामा परी मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

उपचार तथा छोरालाई भेट्न धरान हिडेका राजविराजका एक कानुन व्यवसायीको सवारी दुर्घट्नामा परी शुक्रबार मृत्यु भएको छ ।

उच्च अदालत बार एसोशिएसनका पूर्व सचिव समेत रहेका राजविराज नगरपालिका ७ निवासी ५० वर्षिय अधिवक्ता विमल कुमार साहको सवारी दुर्घटनामा परी मृत्यु भएको हो ।

जिल्लाको बोदेबर्साईन नगरपालिका ९ सिम्रहा टोल पुर्ख्यौली घर भएका उनी विहान ७ बजे तिर मोटरसाईकल चढी धरानमा

*बाँकी अन्तिम पृष्ठमा*

## सार्वजनिक जग्गामा भइरहेको भौतिक संरचना निर्माण कार्य रोक्न परिषदको चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

सार्वजनिक जग्गा मिचेर भौतिक संरचना निर्माण गर्न लागेको भन्दै विश्वहिन्दु परिषद नेपाल सप्तरीले आपत्ती जनाएको छ ।

परिषदले उक्त निर्माण कार्यमा रोक लगाउन स्थानीय प्रशासनसँग माग समेत गरेको छ । परिषदका जिल्ला अध्यक्ष केशव कुमार सिंह र सचिव विष्णु देव चोधरीको अगुवाईमा शुक्रवार जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापन पत्र बुझाउँदै यस्तो माग गरेका हुन ।

ज्ञापन पत्रमा लामो समय देखी खेलमैदानको रुपमा प्रयोग हुदै आएको राजविराज नगरपालिका २ स्थित उक्त सार्वजनिक जग्गामा सोही वडाका मुस्लिम समुदायले भौतिक संरचना निर्माण गर्न लागेको उल्लेख छ ।

खेलकुदका लागी प्रयोग हुदै आएको सार्वजनिक तथा सरकारको स्वामित्वमा रहेको जग्गामा कुनै धर्म विषेश र समुदायलाई आफ्नो गतिविधी गर्न भौतिक संरचना निर्माणको अनुमती र नगरपालिकाले ५ लाख रुपैया बजेट समेत विनियोजन गरेकोमा आपत्ती जनाउदै परिषदले ज्ञापन पत्र मार्फत अबिलम्व उक्त कार्य रोक्न माग गरेको छ ।

परिषदले यस अघि उक्त जग्गामा गर्न लागिएको भौतिक संरचना निर्माण कार्य रोक्न सर्वदलिय बैठकबाट गरिएको निर्णयको स्मरण गराउँदै निर्णय कार्यन्वयन गराउन पहल न गरिए त्यसबाट उत्पन्न हुने असहज परिस्थितीको सम्पुर्ण जिम्मेवार स्थानीय प्रशासन नै हुने भनी ज्ञापन पत्र मार्फत चेतावनी समेत दिएको थियो ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले यसबारे सबैसंग सरसल्लाह गरी आवश्यक निर्णय लिने प्रतिबद्धता जनाएको परिषदले जनाएको छ ।

## विपन्न गर्भवती महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

सप्तरीको महदेवा गाउँपालिकाले विपन्न परिवारका गर्भवती महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा

भर्ना खुल्यो !
भर्ना खुल्यो !!

विगत १७ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.
फारम भर्ने अन्तिम मिति : २०८२ श्रावण ११ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजविराज–८ (सप्तरी)
फोन नं.–०३१–५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

डेंगीबाट बचौं र बचाऔं ।

लक्षणः
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

नेपाल सरकार
विज्ञापन बोर्ड

# मिडियाका चुनौती सामना र मर्यादा अभिवृद्धिका लागि काउन्सिलले प्रभावकारी भूमिका खेल्नेछ : कार्यवाहक अध्यक्ष यादव

काठमाडौँ, २ साउन (रासस)।

पत्रकार सुरेश यादव हाल मधेश प्रदेश मिडिया काउन्सिलको कार्यवाहक अध्यक्षको जिम्मेवारीमा हुनुहुन्छ। मिडिया काउन्सिल प्रदेशमा रहेका आमसञ्चार माध्यममा आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै आचारसंहिता जागरण, पत्रकारको क्षमता अभिवृद्धि, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा प्रवर्द्धन गरी मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने एवं प्रेस स्वतन्त्रताको संरक्षणका लागि काम गर्दै आएको छ। यसका साथै पत्रकार आचारसंहिता उल्लंघनका विषयमा उजुरी सुन्ने, सोउपर अध्ययन अनुसन्धान गरी आवश्यक कारबाही, आमसञ्चार माध्यममा आचारसंहिताको अनुगमनका लागि काउन्सिलले काम गरिरहेको छ। यसै सन्दर्भमा काउन्सिलको अबको भूमिकालगायत विषयमा राससका समाचारदाता सुशील दर्नालले अध्यक्ष यादवसँग कुराकानी गर्नुभएको छ। त्यसैको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ।

मैले भर्खरै मिडिया काउन्सिलको कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालेको छु। काउन्सिलले मुख्यगरी पत्रकारको आचारसंहिताको पालनामा जोड दिइरहेको छ। यसले पत्रकार आचारसंहिताबारे गोष्ठी, तालिम वा अन्तरक्रिया पनि सञ्चालन गर्छ। यसका साथै काउन्सिलले आमसञ्चारगृह तथा पत्रकारको क्षमता अभिवृद्धिको काममा पनि जोड दिँदै आएको छ।

आचारसंहिता जागरण र मिडियाकर्मीको क्षमता अभिवृद्धि मात्रै होइन, काउन्सिलले मिडियामा प्रकाशित प्रसारित समाचारका कारण कोही पीडित भएमा उसलाई न्याय दिने काम पनि गर्छ। मधेश प्रदेशभित्र कसैलाई आमसञ्चारमाध्यममा आएका समाचारमा चित्त बुझेको छैन भने काउन्सिलमा उजुरी दिने व्यवस्था छ।

आर्थिक वर्ष २०८२/८३ को बजेट विनियोजन भई नयाँ आर्थिक वर्ष प्रारम्भ भइसकेको छ। काउन्सिलका लागि करिब रु तीन करोड बजेट विनियोजन गरिएको अवस्था छ। बजेटअनुसार कार्यक्रम बनाउने काम पनि प्रारम्भ गर्दैछौँ। यस विषयमा प्रदेशमा रहेका सरोकार भएकाहरूका साथै काठमाडौँमा पनि विभिन्न पक्षसँग कस्ता कार्यक्रम बनाउँदा प्रभाकारी हुन्छ भनेर आवश्यक छलफल पनि गरिरहेका छौँ। प्रेस काउन्सिल नेपाल, राष्ट्रिय सूचना आयोग र राससलगायत सञ्चारसम्बद्ध संस्थासँग पनि छलफल गरेको छु। परामर्श लिने काम भइरहेको छ। मेरो अबको उद्देश्य भनेको मधेश प्रदेशभित्र रहेका आठ जिल्लाभित्रको पत्रकारितालाई प्रवर्द्धन गर्ने हो। मिडियालाई व्यवस्थित गर्दै व्यावसायिक र मर्यादित बनाउने काममा सबैसँग सल्लाह गरेर अगाडि बढ्छौँ। सबैभन्दा महत्त्वपूर्ण कुरा पछिल्लो समय समग्र पत्रकारिताको मर्यादामाथि प्रश्न उठिरहेको छ। त्यसकारण आममिडियालाई मर्यादित बनाउनु पनि काउन्सिलेको जिम्मेवारी हो। यसका लागि पनि दत्तचित्त भएर काम गर्छौं।

यस आर्थिक वर्षमा काउन्सिले मधेश प्रदेशभित्र रहेका सञ्चारमाध्यमको अनुगमन पनि गर्नेछ र मिडियालाई स्वअनुगमनका लागि प्रोत्साहितसमेत गर्नेछ। सञ्चारमाध्यम र पत्रकारको क्षमता विकासलाई विशेष जोड दिनेछौँ। विभिन्न कारणले आमसञ्चारमाध्यममा विकृति-विसङ्गति बढ्दै गइरहेका छन् भनेर उठिरहेका जनचासोका बारेमा पनि हामी मिहिन ढङ्गले काम गर्नेछौँ। हाल पत्रकारिता के हो र के होइन भन्ने विषयमा पनि बहस भइरहेको छ। सूचना प्रविधिका कारण विकास भइरहेका युट्युब र अरू सामाजिक सञ्जालको उपस्थितिका कारण यो प्रश्नलाई थप पेचिलो बनाइरहेको अवस्था छ। निष्पक्ष रूपमा समाचार आएको जस्तो लाग्दैन भनेर हामीले पनि महसुस गरेका छौँ। यस विषयमा बृहत् बहस तथा अन्तरक्रिया गर्नुपर्ने आवश्यकता छ। यो काम पनि काउन्सिलले गर्नेछ। मूलधारको पत्रकारिता वा सञ्चारमाध्य र नयाँ प्रविधिको उपयोगका सन्दर्भमा युट्युबलगायत माध्यमबाट भइरहेका क्रियाकलापबारे पनि उपयुक्त सन्देश दिनेगरी काउन्सिलले काम गर्ने सोच बनाएको छ।

मधेशमा मात्रै होइन, समग्र देशकै पत्रकारितामाथि विविध चुनौती र अपेक्षा छन्। विज्ञापन बजारको संकुचनका कारण मिडियामाथि व्यवस्थापकीय चुनौती थपिएका छन्। धेरैजसो मिडियाले सङ्कटको सामना गरिरहेका छन्। त्यो आर्थिक कोणले मात्रै होइन, मिडियाकमाथिको विश्वासको सङ्कटका हिसाबले पनि सोच्नुपर्ने भएको छ। स्वाभाविक रूपमा त्यसको प्रभाव मधेश प्रदेशमा पनि पर्ने नै भयो। त्यसै पनि मधेशको पत्रकारिता छायामा पर्दै आएको छ। हामीले पहिले मोफसलको पत्रकारिता गरिरहेका छौँ भन्थ्यौँ, तर हाल प्रादेशिक राजधानी भएपछि जनकपुरलाई मोफसल भन्न मिल्दैन। देशको नजरबाट हेर्दा मोफसल र मधेश प्रदेशको नजरबाट हेर्दा यस क्षेत्रलाई मूलधारकै रूपमा विश्लेषण गर्नुपर्ने अवस्था छ।

यहाँ पत्रकारिताको व्यावसायिकबारे चर्चा हुने गर्छ। समस्या त छन्, तर तीनलाई व्यवस्थापन गर्दै अगाडि बढ्नुको विकल्प छैन। मैले हिजो मात्रै सङ्घीय राजधानी काठमाडौँमा रहेका तीनचार वटा सञ्चारगृहमा छलफल तथा भ्रमण गरेँ। कतिपयले जनकपुरमा राम्रो समाचारदाता चाहियो भन्नरभयो। जनकपुर मधेश प्रदेशको केन्द्र हो, तर त्यहाँ सोचेअनुसार समाचारदाता पाउन गाह्रो भयो भनेर उहाँहरूले गुनासो गरिरहनुभएको थियो। यहाँ पत्रकारको सङ्ख्या कम छैन, तर काम गर्ने पत्रकारको सङ्ख्या कमी छ। अब सङ्ख्यात्मक मात्रै होइन, गुणात्मक पत्रकारिताको विकासका लागि मिडियासम्बद्ध पेसागत संस्थाहरूसँग छलफल गरेर काम गर्नेछौँ। सहकार्य र समन्वयको माध्यमबाट यस क्षेत्रमा देखिएको चुनौतीको सामना र सम्भावनाको खोजी गर्ने कार्यमा मिलेरै अगाडि बढाउने परिस्थिति निर्माणका लागि कार्यवाहक नेतृत्वको हिसाबले मेरो भूमिका रहने छ।

# सरकारको आयव्यय : बजेट खर्च १५ खर्ब २३ अर्ब, आम्दानी १२ खर्ब १९ अर्ब

काठमाडौँ, २ साउन (रासस)।

गत आर्थिक वर्ष (आव) २०८१/८२ मा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार वार्षिक लक्ष्यको तुलनामा सरकारको आय ८२ र व्यय ८१ प्रतिशतमा खुम्चिएको हो।

गत आवका लागि सरकारले रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। असार मसान्तसम्ममा रू १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख खर्च भएको छ। जुन वार्षिक लक्ष्यको ८१ दशमलव ८७ प्रतिशत बराबर हो।

चालु शीर्षकमा गत आवका लागि रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकामा ८५ दशमलव ९५ प्रतिशत अर्थात् रू नौ खर्ब ८० अर्ब २८ करोड २१ लाख खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख विनियोजन भएकामा ६३ दशमलव दुई प्रतिशत अर्थात् रू दुई खर्ब २२ अर्ब ६८ करोड २३ लाख खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा ८७ दशमलव १४ प्रतिशत अर्थात् रू तीन खर्ब २० अर्ब चार करोड २४ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

खर्च मात्र नभई सरकारको आम्दानी पनि लक्ष्यभन्दा निकै कम छ। गत आवका लागि रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख प्राप्ति हुने लक्ष्य राखेको सरकारले ८२ दशमलव ८८ प्रतिशत अर्थात् रू १२ खर्ब १९ अर्ब ७१ करोड ८६ लाख बराबर मात्रै असुली गरेको छ। यसरी सरकारको आम्दानी र खर्चको अवस्था तुलना गर्दा आयभन्दा रू तीन खर्ब तीन अर्ब ३८ करोड बढी व्यय भएको छ।

राजस्व सङ्कलनतर्फ गत आवका लागि राखिएको रू १४ खर्ब १९ अर्ब ३० करोड ३० लाख बराबरको लक्ष्यमा ८३ दशमलव ०६ प्रतिशत मात्रै प्रगती भएको छ। सरकारले रू ११ खर्ब ७८ अर्ब ८२ करोड बराबर मात्रै राजस्व उठाउन सकेको हो। जसमध्ये कर राजस्व वार्षिक लक्ष्यको ८१ दशमलव ७५ प्रतिशत अर्थात् रू १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख र गैरकर राजस्व ९५ दशमलव ४५ प्रतिशत अर्थात् रू एक खर्ब २८ अर्ब ९४ करोड बराबर मात्रै सङ्कलन भएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ।

त्यस्तै, वैदेशिक अनुदान प्राप्तिमा ४४ दशमलव ९७ प्रतिशत मात्रै प्रगति देखिएको छ। गत आवका लागि रू ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले लक्ष्यको आधाभन्दा कम अर्थात् रू २३ अर्ब ५२ करोड ८७ लाख बराबर मात्रै उठाउन सकेको हो।

यसरी आयव्ययको अवस्था हेर्दा सरकारले दुईपटक लक्ष्य संशोधन गर्दा पनि हासिल गर्न नसकेको देखिएको छ। मध्यावधि समीक्षामार्फत गत माघमा पहिलोपटक र चालु आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याउँदै गर्दा गत जेठमा सरकारले दोस्रोपटक आयव्ययको अनुमान घटाएको थियो। सरकारको गत जेठको अनुमानअनुसार गत आवमा सुरुआती वार्षिक विनियोजनको ८९ दशमलव चार प्रतिशत अर्थात् रु १६ खर्ब ६२ अर्ब ३७ करोड बजेट खर्च हुने ठानिएको थियो। जबकि वास्तविक खर्च डेढ महिना अगाडिको लक्ष्यभन्दा करिब रू एक खर्ब ४० खर्बले खुम्चिएको छ।

सुरुआती विनियोजनको अनुपातमा चालु खर्चतर्फ ८८ दशमलव पाँच, पुँजीगततर्फ ८४ दशमलव चार र वित्तीय व्यवस्थातर्फ ९७ दशमलव छ प्रतिशत रहने संशोधित अनुमान सरकारको गत जेठमा गरेको थियो।

त्यस्तै, राजस्व परिचालन रू १२ खर्ब ६७ अर्ब ३९ करोड रहने दोस्रोपटकको अनुमान थियो। तर सरकारले राखेका यी कुनै पनि लक्ष्य पूरा हुन सकेनन्।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# ऊर्जा दक्षता उपाय अपनाउने उद्योगलाई अनुदान वितरण सुरु

काठमाडौँ, २ साउन (रासस)।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले ऊर्जा दक्षता उपायहरू अपनाउने १० उद्योगलाई आर्थिक अनुदान वितरण गरेको छ। बैङ्कको काठमाडौँस्थित कार्यालयमा शुक्रबार आयोजना गरिएको कार्यक्रममा ऊर्जा 'अडिट'मार्फत पहिचान गरिएका प्रमुख ऊर्जा बचतका उपायहरू कार्यान्वयन गरेपछि पहिलो चरणमा १० वटा उद्योगलाई करिब रु दुई करोड ९० लाख बराबरको अनुदान प्रदान गरिएको थियो।

यस्ता उपायहरूबाट दीर्घकालीन रूपमा वार्षिक झन्डै ३६ हजार ७८८ मेगावाट घण्टा ऊर्जा बचत हुने अपेक्षा गरिएको छ, जसले नेपालको जलवायु प्रतिबद्धता तथा दिगो औद्योगिक विकासमा पनि योगदान पुऱ्याउनेछ। यो अनुदान कार्यक्रम नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तिकरण परियोजनाअन्तर्गत सञ्चालित छ। परियोजना युरोपेली सङ्घ र जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) को सह-आर्थिक सहयोगमा सञ्चालन भइरहेको हो। यस कार्यक्रमले उच्च ऊर्जा बचत सम्भावना भएका उद्योगहरूलाई ऊर्जा दक्ष अभ्यासहरू अवलम्बन गर्न प्रोत्साहन गर्दै आइरहेको छ।

कार्यक्रमअन्तर्गत स्थानीय ऊर्जा अडिटरद्वारा सिफारिस गरिएका उपायहरूको कार्यान्वयनका लागि लगानी लागतको आंशिक हिस्सा अनुदानस्वरूप प्रदान गरिन्छ। यो परियोजनाले ऊर्जा दक्षता,

*बाँकी तीन पृष्ठमा*

# नेपाल पर्यटन बोर्डले ७० प्रतिशत बजेट अन्तरराष्ट्रिय प्रवर्द्धनमा खर्च गर्ने

काठमाडौँ, २ साउन (रासस)।

नेपाल पर्यटन बोर्डले आर्थिक वर्ष २०८२/८३ को बजेट स्वीकृत गरेको छ। बोर्डको कार्यकारी समितिको हालै बसेको बैठकले आगामी आवका लागि रु एक अर्ब ५९ करोड ९९ लाख ७० हजारको बजेट स्वीकृत गरेको बजेट तर्जुमा उपसमितिका संयोजक ऋषिराम भण्डारीले जानकारी दिनुभएको हो।

बोर्डले सुरक्षित, भरपर्दो र आकर्षण पर्यटकीयस्थलको विकास गरी अन्तरराष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई स्थापित गर्ने उद्देश्यसहित आफ्नो बजेट तथा कार्यक्रम ल्याएको उहाँले बताउनुभयो। बजेट उपसमिति संयोजक भण्डारीले भन्नुभयो, "चालु आर्थिक वर्षमा बोर्डले नेपालमा पर्यटक आगमन कम्तीमा १५ प्रतिशतले वृद्धि गर्दै समग्र पर्यटन क्षेत्रलाई चलायमान गराउने लक्ष्य लिएको छ।"

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिईओ) दीपकराज जोशीले बजेट समयमै पारित गर्दै पर्यटन प्रवर्द्धनमा उल्लेख्य टेवा पुग्ने क्षेत्र र कार्यक्रममा बजेट केन्द्रीत रहेको बताउनुभयो। उहाँले पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी रोजगारीका अवसर सिर्जना र पर्यटन क्षेत्रको दिगो विकासका लागि बजेट उपयोगी हुने बताउनुभयो।

यसैगरी चालु आवमा नेपाल आसियन पर्यटन वर्ष २०२६ को प्रवर्द्धन गर्ने, गुणस्तरीय पर्यटक आगमनलाई प्राथमिकीकरण गरी पर्यटकबाट हुने समग्र आयमा कम्तीमा १५ प्रतिशतले वृद्धि गर्ने उल्लेख छ।

बोर्डले चालु आवमा कम्तीमा ५० वटा स्रोत बजारमा प्रवर्द्धनात्मक कार्यक्रम, पर्यटन व्यवसायका लागि आवश्यक थप पाँच हजार जनशक्ति उत्पादन र पर्यटनको विस्तारीकरणका लागि कम्तीमा २५ वटा नयाँ पर्यटन पूर्वाधार संरक्षण गर्ने जनाएको छ।

बोर्डको सेवा विस्तारका लागि कूल बजेटको ७० प्रतिशत अन्तरराष्ट्रिय बजारीकरणमा खर्च गर्ने र भारतमा कार्यालय खोल्ने पनि जनाइएको छ। भारत नेपालको प्रमुख पर्यटक स्रोतबजार भएकाले जहाँबाट सन् २०२४ मा मात्र चार लाखभन्दा बढी पर्यटक नेपाल आएका थिए। भारतीय बजारलाई थप प्रभावकारी बनाउन, दिल्ली वा अन्य प्रमुख सहरमा स्थायी कार्यालय खोल्ने तयारी अन्तिम चरणमा पुगेको बोर्डले जनाएको छ।

यसका साथै प्रादेशिक कार्यालय स्थापना गर्नेसमेत यस वर्षको बजेट तथा कार्यक्रममा उल्लेख छ। बोर्डले पर्यटन बजार व्यवस्थापन तथा प्रवर्द्धनका लागि रु ४३ करोड ६१ लाख विजियोजन गरेको छ। यसैगरी जनसम्पर्क तथा प्रचारप्रसारका लागि रु १२ करोड ९५ लाख, अनुसन्धान, योजना तथा अनुगमनका लागि रु दुई करोड ६७ लाख, पर्यटन सम्पदा तथा संसाधान विकासका लागि रु १८ करोड ६३ लाख ५० हजार विनियोजन गरेको छ।

यसैगरी नयाँ प्रादेशिक कार्यालय स्थापना र सञ्चालनका लागि रु ११ करोड ६६ लाख, विशेष प्रबर्द्धनात्मक कार्यक्रम बुद्धिष्ट ट्राभल मार्ट, हिमालयन ट्राभल मार्ट, एड्भेन्चर ट्राभल मार्ट, सगरमाथा सम्मान कार्यक्रम र सफारी टुरिजम् मार्टका लागि रु चार करोड ६२ लाख विनियोजन गरिएको छ।

बोर्डले अमेरिका, चीन, जापान, कोरिया, अष्ट्रेलिया, बङ्गलादेश, श्रीलङ्का, मलेशिया, थाइल्याण्ड, र युरोपका विभिन्न देशमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने जनाएको छ। 'नेपालः लाइफ टाइम एक्सपिरियन्स' भन्ने नारालाई आधार मानेर विश्वका प्रमुख पर्यटन मेलामा सहभागिता जनाउने, डिजिटल मार्केटिङ, अन्तरराष्ट्रिय सञ्चारमाध्यमसँग सहकार्य, ट्राभल ब्लगर र मिडिया फ्याम टुरजस्ता कार्यक्रम प्राथमिकतामा राखेको छ।

अन्तरराष्ट्रिय बजारसँगै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पनि बजेट विनियोजन गरिएको छ। विशेषगरी प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न गन्तव्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ। जसका लागि सुदूरपश्चिम, कर्णाली, र पूर्वी नेपालका उदियमान गन्तव्यलाई लक्षित गरिएको छ।

बोर्डको बजेटमा डिजिटल पूर्वाधार सुदृढीकरण, अनुसन्धान तथा तथ्याङ्क प्रणाली सशक्तीकरण, र पर्यटनसम्बन्धी जनशक्ति विकासका कार्यक्रमसमेत समावेश छन्। पर्यटनसम्बन्धी अध्ययन, तालिम, र विज्ञ कार्यक्रमका लागि छुट्टै रकम छुटचाइएको छ। अन्तरराष्ट्रिय मेलामहोत्सव, सेल्स मिसन, डिजिटल मिडिया अभियान, सिने टुरिज्जम, डायस्पोरा कनेक्ट, ब्रान्डिङ, र प्रभावशाली कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने बजेटमा उल्लेख छ।

भौतिक पूर्वाधार निर्माण, पदमार्गको सुधार, नमस्ते सेन्टर स्थापना, बौद्ध गन्तव्य प्रवर्द्धन, पर्वतीय क्षेत्रका लागि तालिम, ग्रीन हस्पिटलिटी प्रमाणीकरण, घरेलु पर्यटन प्रवर्द्धन, पर्यटन टुर अपरेटर तालिम, भाषा र डिजिटल सीपसम्बन्धी तालिमलगायत कार्यक्रममार्फत गन्तव्य विकास र स्थानीय सशक्तिकरणलाई बलियो बनाउने उद्देश्य यस वर्षको बजेटले लिइएको छ। मिथिला कला, प्याराग्लाइडिङ प्रतियोगिता, हात्ती महोत्सव, पर्वतीय र जङ्गल सफारी जस्ता सांस्कृतिक तथा साहसिक गन्तव्यलाई पनि बजेटमार्फत प्रवर्द्धन बोर्डका सिइओ जोशीले बताउनुभयो।

पोखरा कार्यालयमार्फत पोखरा ट्राभल मार्ट, सडक महोत्सव, अन्नपूर्ण तथा मानस्लु पदमार्ग प्रवर्द्धन, पर्यटक प्रहरी तालिम, बेसिक तथा एड्भान्स क्यानियोनिङ तालिम र पर्वतीय सङ्ग्रहालय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ। भारत, चीन र दक्षिण एसियाली मुलुकमा पनि प्रचार कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। बजेटमार्फत् दीगो पर्यटमा लागि पर्यटन सूचना व्यवस्थापन प्रणाली (टिम्स) को प्रभावकारी कार्यान्वयन, विपद् व्यवस्थापन कोष, जलवायु परिवर्तनमा संवेदनशीलता अभिवृद्धि, अनुसन्धान, अन्तरराष्ट्रिय सहकार्य विस्तार जस्ता दीगो पर्यटनका पक्षलाई ध्यानमा राखेर आगामी दशकलाई दीगो पर्यटन विकासको आधारशिला निर्माण गर्ने रणनीतिमा बजेट केन्द्रित गरेको स्पष्ट पारेको छ। सिईओ जोशीले भन्नुभयो, "यो बजेट केवल रकमको हिसाब मात्र होइन, यो नेपालको पर्यटन पुनर्जागरणको रोडम्याप हो। हामीले बजारअनुसारको रणनीति बनाएका छौँ, स्थानीय तथा अन्तरराष्ट्रिय साझेदारसँग सहकार्य गरेर नेपालको पर्यटन क्षेत्रलाई दिगो रूपमा विस्तार गर्नेछौँ।"

बोर्डका अध्यक्ष तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवले पनि आगामी दिनमा निजी क्षेत्रको सहभागिता, स्थानीय तहको समन्वय, र अन्तरराष्ट्रिय साझेदारीको माध्यमबाट 'स्मार्ट टुरिज्जम नेपाल' को अवधारणा कार्यान्वयन गरिने बताउनुभएको छ।

### ऊर्जा दक्षता उपाय ...

मर्यादित श्रम अभ्यास तथा वातावरणीय मापदण्डको पालना सुनिश्चित गर्न प्राथमिकता दिँदै आएको छ। पहिलो चरणको अनुदान वितरणसँगै रिप-ग्रिन अनुदान सुविधा औपचारिक रूपमा सुरु भएको छ। यसबाट नेपालका औद्योगिक क्षेत्रमा सफा तथा दक्ष प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ। कार्यक्रममा बैङ्कका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले अनुदान व्यवस्थाबाट नेपालमा दिगो औद्योगिक अभ्यासको प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हुने बताउँदै दिगो वित्तीय प्रणाली र हरित अर्थतन्त्रप्रतिको बैङ्कको प्रतिबद्धता जनाउनुभयो।

## सौर्य एयरलाइन्सको जहाज दुर्घटनाको प्रतिवेदन सार्वजनिक

काठमाडौँ, २ साउन (रासस)।

सौर्य एयरलाइन्सको दुर्घटनाग्रस्त ९ एन-एएमई-सीआरजे २०० कलसाई जहाजको जाँचबुझ गर्न गठिन दुर्घटना जाँच आयोगले आफ्नो अन्तिम प्रतिवेदन बुझाएको छ। शुक्रबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा आयोगका अध्यक्ष रतिशचन्द्रलाल समुनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई समितिको अन्तिम प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

प्रतिवेदन बुझ्दै मन्त्री पाण्डेले कुनै पनि मुलाहिजा नराखेर प्रतिवेदन आएको उल्लेख गर्दै यसलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो। आयोगले प्रतिवेदन पेस गरेलगत्तै मन्त्रालयले आफ्नो 'वेबसाइट'मार्फत प्रतिवेदन सार्वजनिक गरेको छ।

गत साउन ९ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मर्मतका लागि पोखराका लागि उडेको सौर्य एयरलाइन्सको जहाज धावनमार्ग नजिकै दुर्घटनाग्रस्त हुँदा जहाजमा सवार १८ जनाको मृत्यु भएको थियो। उक्त दुर्घटनामा पाइलट मनीष शाक्य भने बाँच्न सफल हुनुभएको थियो। जहाज दुर्घटना भएकै दिन सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्रलाल सुमन नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो।

## तीन सय ७७ अस्पतालबाट प्रथम सेवाको उपचार पाइने

काठमाडौँ, २ साउन (रासस)।

स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बीमा गरेका व्यक्तिले ३७७ अस्पतालबाट प्रथम सेवाको उपचार गर्न पाउने भएका छन्। यही साउनदेखि प्रथम सेवा विन्दुका लागि बोर्डमा सूचीकृत भएका अस्पतालबाट सेवा पाउने बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिनुभयो।

यसअघि बोर्डले तोकेको स्वास्थ्य संस्थामा गएर प्रथम सेवा विन्दुबाट मात्रै प्रथम सेवा लिनुपर्ने व्यवस्था रहेको थियो।

"अब झापाको बीमितले कञ्चनपुरमा रहेको प्रथम सेवा विन्दुका लागि सूचीकृत भएको स्वास्थ्य संस्थाबाट उपचार पाउनेछन्", उहाँले भन्नुभयो, "प्रथम सेवा विन्दुमा गएर उपचार गर्ने व्यवस्थालाई खुला गरिएको हो।" ती प्रथम सेवा विन्दुमा उपचार गरेपछि प्रेषण केन्द्र (रिफरल) अस्पतालमा गएर उपचार विमितले पाउनेछन्।

देशभरि बोर्डमा प्रथम सेवा विन्दु ३७७ वटा स्वास्थ्य संस्था र रिफरल स्वास्थ्य संस्था ९८ वटा रहेका छन्। बोर्डले सङ्घीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रूपमा राखेको छ।

# विश्व समाचार

## काश्मीर हमलाका लागि जिम्मेवार समूहलाई अमेरिकाद्वारा आतङ्कवादी घोषणा

वासिङ्टन, २ साउन (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिकाले बिहीबार काश्मीरमा अप्रिलमा भएको आक्रमणका लागि दोषी ठहराइएको एक रहस्यमय समूहलाई आतङ्कवादी घोषणा गरेको छ। ती आतङ्कवादीहरूले गरेको आक्रमणले दशकौँमा भारत र पाकिस्तानबीच सबैभन्दा खराब द्वन्द्वलाई जन्म दिएको थियो।

विदेशमन्त्री मार्को रुबियोले द रेजिस्टेन्स फ्रन्ट (टिआरएफ) लाई पाकिस्तानमा आधारित संयुक्त राष्ट्रसङ्घद्वारा नामित आतङ्कवादी समूह लश्कर-ए-तैयबा (एलइटी) को 'फ्रन्ट र प्रोक्सी' का रूपमा वर्णन गर्नुभएको छ। "आतङ्कवादी नामकरणले हाम्रो राष्ट्रिय सुरक्षा हितहरूको रक्षा गर्न, आतङ्कवाद विरुद्ध लड्न र पहलगाम आक्रमणको न्यायका लागि राष्ट्रपति (डोनाल्ड) ट्रम्पको आह्वानलाई कार्यान्वयन गर्न ट्रम्प प्रशासनको प्रतिबद्धता प्रदर्शन गर्छ", रुबियोले विज्ञप्तिमा भन्नुभयो।

विभाजित काश्मीरको भारत प्रशासित क्षेत्रको पर्यटकीय केन्द्र पहलगाममा अप्रिलमा बन्दुकधारीहरूले लगभग सबै हिन्दूसहित २६ जनाको गोली हानी हत्या गरेका थिए।

बाँचेका व्यक्तिहरूले पत्रकारहरूलाई बन्दुकधारीहरूले महिला र बच्चाहरूलाई अलग गरेको र केही पुरुषलाई मुस्लिम आस्थाको घोषणा गर्न आदेश दिएको बताए।

भारतका विदेश मन्त्री सुब्रह्मण्यम जयशङ्करले शुक्रबार वासिङ्टनको कार्य 'भारत-अमेरिका आतङ्कवाद विरोधी सहयोगको बलियो पुष्टि' भएको बताउनुभएको छ।

पहलगाम आक्रमणको सुरुमा जिम्मेवारी लिएको टिआरएफको बारेमा पहिले थोरै मात्र थाहा थियो। तर हत्यालाई लिएर सार्वजनिक आलोचना बढ्दै जाँदा समूहले आफ्नो दाबी फिर्ता लिएको थियो।

भारतले टिआरएफलाई आतङ्कवादी सङ्गठनका रूपमा घोषणा गरेको छ र भारतस्थित अब्जर्भर रिसर्च फाउन्डेसन थिङ्क ट्याङ्कले यसलाई 'स्मोकस्क्रिन र एलइटीको अफसुट' भनेको छ।

नयाँदिल्लीले पाकिस्तानमाथि आक्रमणलाई समर्थन गरेको आरोप लगाएको छ। उक्त आरोपलाई इस्लामाबादले अस्वीकार गरेको छ।

पहलगाम हिंसाले दुई छिमेकीबीच चार दिनसम्म चलेको लडाइँलाई उक्साएको थियो। उक्त लडाइँमा दुवै पक्षका ७० जनाभन्दा बढी मानिस मारिएका थिए। यो सन् १९९९ पछिको सबैभन्दा खराब गतिरोध थियो।

## दोस्रो विश्वयुद्धको जापानी युद्धपोत सोलोमन टापुबाट फेला

टोकियो, २ साउन (रासस/एएफपी)।

एक अन्तर्राष्ट्रिय अनुसन्धान टोलीले युद्धको अन्त्यको ८०औँ वार्षिकोत्सव नजिकिँदै गर्दा सोलोमन टापुहरूको गहिरो समुद्री सतहमा दोस्रो विश्वयुद्धको जापानी विध्वंसक पोत फेला पारेको छ।

अमेरिकी गैर-नाफामुखी ओसियन एक्सप्लोरेसन ट्रस्टको टोलीले अस्ट्रेलियाको उत्तरपूर्वमा रहेको सानो टापु राष्ट्रको नजिक आठ सय मिटर (दुई हजार छ सय २५ फिट) भन्दा बढी गहिराइमा इम्पेरियल जापानी नौसेनाको विध्वंसक तेरुजुकी फेला पारेको छ।

भग्नावशेषको भिडियो तस्बिरले सन् १९४२ मा अमेरिकी सेनाले टारपिडो प्रहार गरेको एक सय ३४ मिटर (चार सय ४० फिट) तेरुजुकीका केही भागहरू देखाउँदछ। यसलाई अनुसन्धान टोलीको पानीमुनि ड्रोनको बत्तीले उज्यालो पारिएको थियो।

फुटेजमा जहाजको संरचनामा रातो रङ, क्षय भएका बन्दुकका नालहरू र युद्धपोतको विशाल पछाडिको भाग देखाइएको छ। सन् १९४२ मा कमिसन गरिएको तेरुजुकीलाई हवाई आक्रमणहरूबाट विमानवाहक पोतहरूलाई सुरक्षा प्रदान गर्नका लागि डिजाइन गरिएको अन्वेषण समूहले बताएको छ।

यद्यपि तेरुजुकीलाई सेवामा आएको केही महिनामै अमेरिकी टारपिडोले प्रहार गरेको थियो। तेरुजिकीको अर्थ जापानी भाषामा 'चम्किलो चन्द्रमा' हो ओसन एक्सप्लोरेसन ट्रस्टका अनुसार टारपिडोको आक्रमणबाट नौ नाविकको मृत्यु भए पनि अधिकांश चालक दलका सदस्यहरू बाँचेका थिए।

तेरुजुकीको पछाडिको भाग हलबाट दुई सय मिटर (छ सय ६० फिट) भन्दा बढी टाढा फेला परेको थियो र उच्च-रिजोल्युसन सोनार स्क्यानद्वारा पत्ता लगाइएको थियो। अज्ञात जहाज भग्नावशेष वा अन्य वस्तुहरू फेला पार्ने आशामा टोलीले क्षेत्रको सर्वेक्षण गर्न ड्रोन प्रयोग गर्दा यो खोज गरिएको थियो।

## अपराधमा दोषी ठहरिएका ८१ जना अफगानीलाई जर्मनीद्वारा स्वदेश फिर्ता

फ्र्याङ्कफर्ट, जर्मनी, २ साउन (रासस/एएफपी)।

जर्मनीमा शुक्रबार कारबाहीमा अपराधका लागि दोषी ठहरिएका ८१ जना अफगानी पुरुषलाई उनीहरूको मातृभूमितर्फ निर्वासित गरिएको छ। आन्तरिक मन्त्री अलेक्जान्डर डोब्रिन्डले अफगानीहरु बोकेको विमान भर्खरै उडेको र तिनीहरू सबैलाई निष्कासन आदेश अन्तर्गत आपराधिक न्याय प्रणालीद्वारा दोषी ठहर गरिएको बताउनुभएको छ।

सन् २०२१ तालिबान सत्तामा फर्किएपछि जर्मनीले अफगानिस्तानमा निर्वासन रोकेको थियो र काबुलमा आफ्नो दूतावास बन्द गरेको थियो। बर्लिनले यस घटनाको सन्दर्भमा तेस्रो पक्षमार्फत तालिबान अधिकारीहरूसँग मात्र अप्रत्यक्ष सम्पर्क गरेको बताएको छ।

जर्मनीमा अति राष्ट्रवादी पार्टी 'अल्टरनेटिभ फर जर्मनी (एएफडी)' को उदयपछि आप्रवासन प्रमुख मुद्दा भएकाले निष्कासन पुनः सुरु गर्ने बहस हुँदै गएको छ। यसअघि सोसल डेमोक्र्याटिक पार्टीका तर्फबाट नेतृत्वमा आएका चान्सलर ओलाफ स्कोल्जको सरकारले सन् २०२४ अगस्ट मा तालिबान सत्तामा फर्किएपछि पहिलो पटक अपराधका लागि दोषी ठहरिएका २८ अफगानहरूको समूहलाई निष्कासन गरेको थियो।

शुक्रबारको कार्बाही कतारको सहयोगमा गरिएको जनाउदै जर्मन आन्तरिक मन्त्रालयले यस्तो निष्कासन आगामी दिनमा पनि जारी राख्ने बताएको छ।

# खानेपानी अभाव आपूर्ति व्यवस्था मिलाउन मुख्यमन्त्री सिंहको निर्देशन



**दैनिक समाचारदाता राजविराज, २ साउन ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सप्तरीमा घट्दो जलस्रोतका कारण उत्पन्न खानेपानी संकट समाधानका लागि निर्देशन दिएका छन् ।

जिल्लामा पानीको अभाव देखिएका क्षेत्रमा डिभिजन वन कार्यालय सप्तरीको एक ट्याङ्कर र प्रदेश सरकारद्वारा उपलब्ध गराइने दुई ट्याङ्करमार्फत खानेपानी उपलब्ध गराउन जिल्ला प्रशासनलाई निर्देशन दिएका हुन् ।

शुक्रबार जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेका मुख्यमन्त्री सिंहले डिभिजन वन कार्यालय सप्तरीको एक ट्याङ्कर र प्रदेश सरकारबाट उपलब्ध गराइने दुई ट्याङ्करमार्फत खानेपानी उपलब्ध गराउन सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहाल लाई निर्देशन दिएको उनका प्रेस सल्लाहकार अवधेश झाले जानकारी दिए ।

यसअघि सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दहालले जिल्लामा जलस्रोत सुक्दै गएका कारण उत्पन्न संकटबारे प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै आवश्यक सहयोगको लागि अनुरोध गरेका थिए ।

जिल्लाको अति प्रभावित बस्तीहरूमा खानेपानी पु-याउने कार्य तत्काल सुरु गर्न आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी दाहालले बताए ।

गत असार ३२ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले जिल्लामा वर्षा नपरेका कारण खडेरी सिर्जना भई धान लगायत अन्य अन्नबाली लगाउन सकस परेको, कृषकहरु अत्यन्तै समस्यामा परेका र अधिकांश गाउँबस्तीमा खानेपानीको समेत अभाव भएको जनाउँदै संघ तथा प्रदेश सरकारसँग राहत र दीर्घकालीन व्यवस्थापनको माग गर्ने निर्णय गरेको थियो ।

यसअघि मुख्यमन्त्री सिंहले सोही दिन जिल्ला प्रशासन कार्यालय सप्तरीमा टोकन प्रणालीमार्फत पालो पर्खदै सेवा लिएका छन् । जिल्ला प्रशासन कार्यालय सप्तरीबाट उनले आफ्नो नागरिकताको प्रतिलिपि लिएका हुन् ।

साथै जिल्ला प्रशासन कार्यालयको सेवा बारे जानकारी लिदै आम जनताको सहुलियत हुने गरी सेवा दिन प्रजिअ भोला दाहाल संग छलफल समेत गरे ।

सोही क्रममा जिल्ला प्रशासन कार्यालयबाट दैनिक रुपमा दिने सेवा नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायत अन्य कामकाजहरु चुस्तदुरुस्त तरिकाले दिन उनले निर्देशन समेत दिए ।

# खडक नगरपालिकाको बजेट पारित




**दैनिक समाचारदाता राजविराज, २ साउन ।**
सप्तरीको खडक नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तुत गरेको बजेट पारित गरिएको छ ।

असार ८ गते नगरपालिकाको १७ औं नगरसभामा प्रस्तुत गरिएको नीति, कार्यक्रम बजेट नगरसभाले पारित गरिएको हो ।

नगरपालिकाले आगामी आर्थिक बर्षको लागि कुल १ अर्ब ६ करोड २९ लाख ५१ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको थियो ।

जसमा चालुतर्फ र ४६ करोड ५२ हजार र पुँजिगत तर्फ ३५ करोड २८ लाख ९९ हजार ४८० रुपैयाँको विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुले जानकारी दिए ।

“नगरसभामा गत असार ८ गते प्रस्तुत बजेट एवं नीति तथा कार्यक्रम मंगलबार सर्वसम्मतले पारित भएको छ” प्रमुख प्रशासकीय अधिकृत सोनुले भने ।

यस आर्थिक बर्षमा नगरक्षेत्र भित्रको वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा संघिय सरकारको मापदण्ड बमोजिम ई-हाजिरी सेवा जडान गरी एकै ठाउँबाट मोनिटरिङ गर्ने व्यवस्था मिलाईने कार्यलाई बजेट एवं नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको खडक नगरपालिकाले जनाएको छ ।

# गोदामबाटै लागू औषधको ठूलो मात्रा प्रहरीद्वारा बरामद

झापा, २ साउन (रासस) ।
प्रहरीले झापाको मुख्य व्यापारिक केन्द्र विर्तामोडको एउटा औषधि गोदामबाट एक लाख क्याप्सुलसहित ठूलो मात्रामा भण्डारण गरिएको लागू औषध र प्रतिबन्धित औषधि बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले विर्तामोड नगरपालिका-५ स्थित मनकुमार सङ्ग्रौलाको दुईतले घरको भुईंतलामा दुई कोठा भाडामा लिएर लागू औषध र प्रतिबन्धित औषधि भण्डारण गरेको पाइएको शुक्रबार पत्रकार सम्मेलनमार्फत बताउनुभयो ।

उहाँका अनुसार बरामद भएका लागू औषध तथा प्रतिबन्धित औषधिहरूमा ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल एक लाख तीन हजार ८०० थान, ट्रामाडोल हाइड्रोक्लोराइड इन्जेक्सन एक हजार ८७० थान, ट्रामाडोल एन्ड एसिटामिनोफेन ट्याब्लेट चार हजार ५० थान, डाइक्लोमाइन एचसिएल ट्याब्लेट ९७ हजार ७०० थान, जेनेग्रा एमटी रेड ट्याब्लेट आठ हजार ९०० थान र टर्मिपिल किट्स सात हजार ६५० रहेका छन् ।

प्रहरीले बराम सामग्रीसँगै पक्राउ परेका एकजना अभियुक्तलाई पत्रकार सम्मेलनमा सार्वजनिक गरेको छ । अर्जुनधारा नगरपालिका-६ निवासी २५ वर्षीय विनोद घिमिरेलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताउनुभयो । “प्रहरी टोलीले सूचना पाएको आधारमा भाडाको कोठामा पुगेर हेर्दा ठूलो मात्रामा लागू औषध र प्रतिबन्धित औषधि फेला पारेको हो”, उहाँले भन्नुभयो, “नियन्त्रणमा लिइएका व्यक्तिलाई भण्डारण, ओसारपसार र वितरण कसुरमा शुक्रबारै मुद्दा दर्ता गरी कारबाहीको प्रक्रिया अघि बढाइएको छ ।”

प्रहरीले एउटा मोटरसाइकल र दुई थान मोबाइलसमेत बरामद गरेर नियन्त्रणमा लिएको जनाएको छ । बरामद भएका प्रतिबन्धित औषधिको कारबाहीका लागि औषधि व्यवस्था विभागसँग समन्वय भइरहेको र विभागले नै थप कानुनी कारबाही अघि बढाउने श्रेष्ठले बताउनुभयो । यस आपराधिक घटनामा अरू को को संलग्न रहेका छन् भन्ने विषयमा अनुसन्धान जारी रहेको उल्लेख गर्दै उहाँले दोषीमाथि कानुनी कारबाहीमा कुनै कसर बाँकी नराखिने बताउनुभयो ।

स्थानीयले लागू औषध र प्रतिबन्धित औषधि भण्डारण गरिएको कोठा विनोद घिमिरे र भानुभक्त खरेलको रहेको बताएका छन् । खरेलले विर्तामोडमा सनलाइट फर्मा नामक औषधि पसल सञ्चालन गर्दै आएका छन् । अभियुक्तहरूले विर्तामोडको गोदाममा भण्डारण गरिएका ती सामान पहाडी जिल्ला इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमसम्म आपूर्ति गर्दै आएको अनुमान गरिएको छ ।

# चोरी पैठारीका सामान भन्सार बुझाईयो



**दैनिक समाचारदाता राजविराज, २ साउन ।**
जिल्ला प्रहरी कार्यालय सप्तरीले भन्सार छलेर ल्याउदै गरेको खाद्य सामग्री बरामद गरी भन्सारमा बुझाएको छ ।

प्रहरीले भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउदै गरेको दुईलाख ४० हजार रुपैयाँ बराबरको खाद्य सामग्री भन्सारमा बुझाएको हो ।

राजविराज नगरपालिका ५ स्थित राजविराज-कुनौली सडक खण्डबाट बिहीबार भारतको कुनौली तर्फबाट ल्याउदै गरेको अवस्थामा चिनी, खानेतेल, जिरा लगायतका सामग्री प्रहरीले बरामद गरेको थियो ।

बरामद गरिएका सामान शुक्रबार राजविराज भन्सार कार्यालयमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका पहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनले भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउदै गरेको अवस्थामा प्रहरी टोलीलाई देखेर सामान छाडी मानिसहरु फरार भएको बताए ।

### *उपचार र छोरा ...*

रहेका छोरा भेट्न तथा विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउने योजनाका साथ घरबाट निस्केका थिए । तर उनी चढेको मोटरसाईकल सुनसरीको तरहरा-धरान सडकखण्डको जंगल क्षेत्रमा दुर्घट्नामा परेको हो ।

दुर्घटनामा परि घाइते भएका उनलाई अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेका थिए । उनी सवार मोटरसाइकललाई चार चक्के सवारी साधनले ठक्कर दिएको त कसैले सडक किनारमा रहेको विद्युतीय पोलमा ठोकिएर दुर्घट्ना भएको बताए पनि प्रहरीले दुर्घट्नाको कारण खुल्न नसकेको र सो बारे अनुसन्धान भईरहेको जनाएको छ ।

### *विपन्न गर्भवती ...*

ल्याएको छ ।

गाउँपालिकाले नयाँ आर्थिक बर्ष २०८२/०८३ को साउन १ गते देखि विपन्न परिवारका गर्भवती महिला तथा दुर्घटनामा परेका व्यक्ति लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको हो ।

गाउँपालिका क्षेत्रभित्रका विपन्न गर्भवती तथा सुत्केरी महिलाहरुको लागि साउन १ देखि यस्तो सेवा सञ्चालनमा ल्याइएको गाउँपालिका अध्यक्ष सुनिलकुमार मंडलले जानकारी दिए ।

उनले गाउँपालिका भित्र चिकित्सकसहित दुई वटा बर्थिङ सेन्टर सञ्चालनमा रहेकोले अब गर्भवती महिलाहरुको त्यहाँ सम्म सहज पहुँच हुने विश्वास व्यक्त गरे ।

यस्तै सुत्केरी आमाहरूलाई अधिकतम दुईपटक सम्म प्रतिपटक पाँच हजार रुपैयाँ प्रोत्साहन भत्ता उपलब्ध गराईने, गरिब तथा आर्थिक रुपले विपन्न परिवारका व्यक्तिहरुको मृत्यु भएमा किरिया खर्चका लागि १० हजार रुपैयाँ दिने कार्यक्रम समेत सुरु गरिएको अध्यक्ष मंडलले जानकारी समेत दिए ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*